# ग्रामीण सामुदायिक संस्था (जि.एस.एस.), मुगु
# कार्यविवरण फारम

| नाम : | जवाफदेही : कार्यक्रम संयोजक प्रति | कार्य क्षेत्र : | **सोरु** गाउँपालिकाका वडा नं. १ देखि ११ |
|---|---|---|---|
| पद: सामाजिक परिचालक | कार्य सम्बन्ध : संस्थाको कार्यसमिति, कार्यक्रम संयोजक, सरोकारवाला, विद्यालय र समुदाय | परियोजनाको नाम: | **DREAM III** |

पदको मुख्य उद्देश्य:
संस्थाको नीति, नियम तथा परियोजनाको कार्ययोजनाअनुसार निर्धारित गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन गर्नुका साथै परियोजनाको संरचनाअनुरूप विद्यालयहरूमा गुणस्तरीय, समावेशी तथा बालमैत्री शिक्षा प्रवर्द्धन र सुनिश्चित गर्न सहजीकरण गर्ने। साथै, अपाङ्गता भएका व्यक्तिहरू तथा वडा र पालिका स्तरका सञ्जालहरूको क्षमता अभिवृद्धि गर्दै स्थानीय स्रोत तथा साधनहरूको पहिचान, परिचालन र उपयोगमार्फत सामाजिक समावेशीकरण, शिक्षा, जीविकोपार्जन, पुनःस्थापना तथा अधिकारमा पहुँच अभिवृद्धि गर्न सहयोग गर्ने। यसका साथै संस्था र लक्षित समुदायबीच प्रभावकारी समन्वय कायम गरी परियोजनाले निर्धारण गरेका लक्ष्य तथा अपेक्षित नतिजा हासिल गर्न सक्रिय र जिम्मेवार भूमिका निर्वाह गर्ने।

| कार्य जिम्मेवारी | निर्णयाधिकार तथा जिम्मेवारी | आवश्यक धारणा, ज्ञान तथा सीप | आधारभूत आवश्यकताहरू |
|---|---|---|---|
| <u>गुणस्तरीय तथा समावेशी शिक्षा अन्तर्गत</u><br>• गाउँपालिका, वडा, समुदाय तथा विद्यालयसँग समन्वय र सहकार्य गरी विद्यालय शिक्षाको गुणस्तर सम्बन्धी अवस्था विश्लेषण, लेखाजोखा तथा आवश्यक सूचना र तथ्याङ्क संकलन गर्ने।<br>• समुदाय तथा विद्यालयको आवश्यकताअनुसार वडा कार्यालयसँग समन्वय गरी कार्ययोजना तयार गर्ने तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।<br>• वडा, बस्ती तथा विद्यालयहरूमा नियमित रूपमा भ्रमण गरी समुदायका समूह, सञ्जाल तथा विद्यालयसँग समन्वय गर्दै परियोजनाअन्तर्गतका गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने।<br>• समुदाय तथा विद्यालय स्तरमा सञ्चालन गरिने क्षमता अभिवृद्धि सम्बन्धी तालिम, अभिमुखीकरण, कार्यशाला तथा गोष्ठीहरूको योजना, आयोजना र सहजीकरण गर्ने।<br>• तालिम, गोष्ठी तथा अन्य कार्यक्रम सञ्चालन गर्दा लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा अपाङ्गतामैत्री दृष्टिकोणलाई सुनिश्चित गर्ने।<br>• विद्यालयमा बालमैत्री विद्यालय अवधारणा तथा क्रियाकलापमा आधारित शिक्षण–सिकाइ प्रक्रियाको प्रभावकारी कार्यान्वयनका लागि शिक्षकहरूलाई प्रोत्साहन, सहजीकरण तथा आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने।<br>• विद्यालय तथा समुदायमा बाल क्लब/सञ्जालको गठन तथा पुनर्गठन गरी तिनीहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहजीकरण गर्ने तथा सक्षम बाल नेतृत्व विकास गर्ने।<br>• बाल क्लब/सञ्जाललाई बाल अधिकार, समावेशी शिक्षा, जीवनोपयोगी सीप तथा बाल संरक्षणसँग सम्बन्धित मुद्दाहरू पहिचान, प्राथमिकीकरण, कार्ययोजना निर्माण तथा कार्यान्वयनमा सहयोग गर्ने।<br>• बाल अधिकार, समावेशी शिक्षा, जीवनोपयोगी सीप तथा बाल संरक्षण सम्बन्धी तालिम, कार्यशाला, अभिमुखीकरण, कोचिङ तथा परामर्शमार्फत बाल क्लब/सञ्जालहरूको क्षमता अभिवृद्धि गर्ने।<br>• बाल क्लब तथा सञ्जालमार्फत विद्यालय र समुदायमा बाल अधिकार, समावेशी शिक्षा, लैङ्गिक समानता, सरसफाइ, वातावरण संरक्षण तथा अन्य सचेतनामूलक अभियान सञ्चालन गर्न सहजीकरण गर्ने।<br>• बाल क्लबमार्फत विद्यालयमा बाल भित्ते पत्रिका प्रकाशन, अतिरिक्त तथा सिर्जनात्मक क्रियाकलाप सञ्चालन गरी बालबालिकाको नेतृत्व विकास, व्यक्तित्व विकास तथा जीवनोपयोगी सीप अभिवृद्धिमा सहयोग गर्ने। | • परियोजनाअन्तर्गत आफूलाई तोकिएको कार्यक्षेत्रमा फिल्डस्तरका गतिविधिहरूको प्रभावकारी योजना, समन्वय, कार्यान्वयन तथा अनुगमन गर्ने जिम्मेवारी वहन गर्ने।<br>• परियोजनाका कार्यक्रम तथा गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन गर्न स्थानीय सरकार, वडा कार्यालय, विद्यालय, समुदाय तथा अन्य सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने।<br>• समुदाय, विद्यालय तथा लक्षित क्षेत्रमा कार्यक्रम सञ्चालनका क्रममा प्राप्त भएका सिकाइ, चुनौती, समस्या तथा सुधारका सुझावहरू नियमित रूपमा लिखित प्रतिवेदनमार्फत परियोजना संयोजकलाई जानकारी गराउने।<br>• परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुझाव, सिफारिस तथा प्राविधिक सहयोग प्रदान गर्दै कार्यक्रम संयोजकलाई निर्णय प्रक्रियामा सहयोग गर्ने।<br>• आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित दैनिक सञ्चालन तथा समन्वयसम्बन्धी निर्णयहरू संस्थाको नीति, परियोजनाको कार्ययोजना तथा परियोजना संयोजकको निर्देशनबमोजिम गर्ने।<br>• परियोजनाको गुणस्तरीय कार्यान्वयन, पारदर्शिता, उत्तरदायित्व तथा निर्धारित लक्ष्य हासिल गर्न आवश्यक पहल गर्ने। | • स्वप्रेरित, जिम्मेवार, सिक्न उत्सुक, सकारात्मक सोच भएको तथा समूहमा सहकार्य गर्दै प्रभावकारी रूपमा काम गर्न सक्ने।<br>• राम्रो सञ्चार तथा अन्तरव्यक्तिगत सम्बन्ध (Interpersonal Skills) भएको, अरूको विचार सम्मानपूर्वक सुन्ने र समन्वयात्मक रूपमा कार्य गर्न सक्ने।<br>• लैङ्गिक समानता, अपांगता, सामाजिक समावेशीकरण (GEDSI), बाल अधिकार तथा मानव अधिकारप्रति संवेदनशील, इमान्दार र उत्तरदायी कार्यशैली भएको।<br>• सामाजिक परिचालन, समुदाय सशक्तीकरण तथा विद्यालय सुधारसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ज्ञान र व्यावहारिक सीप भएको।<br>• गुणस्तरीय तथा समावेशी शिक्षा, बालमैत्री विद्यालय, बाल सहभागिता तथा बाल संरक्षणसम्बन्धी आधारभूत ज्ञान भएको।<br>• अपाङ्गता समावेशीकरण, समुदायमा आधारित | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा प्लस टु (कक्षा १२) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने।<br>• सामाजिक परिचालन, समुदाय विकास वा विद्यालय सुधारसम्बन्धी क्षेत्रमा आधारभूत ज्ञान तथा सीप भएको हुनुपर्ने।<br>• बालमैत्री विद्यालय, गुणस्तरीय तथा समावेशी शिक्षा वा समुदायमा आधारित विकास कार्यक्रम सञ्चालनमा कम्तीमा २ वर्षको कार्यानुभव भएको हुनुपर्ने।<br>• अपाङ्गता परिचयपत्र प्राप्त गरेको (अपाङ्गता भएका) व्यक्ति हुनुपर्ने।<br>• नेपाली भाषामा प्रतिवेदन लेख्न तथा आधारभूत कम्प्युटर (MS Word, Excel, PowerPoint) प्रयोग गर्न सक्ने क्षमता भएको हुनुपर्ने। |

| कार्य जिम्मेवारी | निर्णयाधिकार तथा जिम्मेवारी | आवश्यक धारणा, ज्ञान तथा सीप | आधारभूत आवश्यकताहरू |
|---|---|---|---|
| ● विद्यालय सुधार योजना तथा बालमैत्री विद्यालयका सूचकहरू कार्यान्वयनमा सहजीकरण गर्दै विद्यालयलाई नमुना विद्यालयका रूपमा विकास गर्न सहयोग गर्ने।<br>● "हाम्रो विद्यालय, राम्रो विद्यालय" अवधारणाअनुसार गुणस्तरीय, समावेशी, सुरक्षित, बालमैत्री तथा सिकाइमैत्री विद्यालय वातावरण निर्माण गर्ने कार्यक्रमहरू सञ्चालन तथा सहजीकरण गर्ने।<br>अपाङ्गता समावेशीकरण अन्तर्गत<br>● अपाङ्गता भएका व्यक्तिहरूका समूह, समिति तथा सञ्जालहरूको गठन तथा पुनर्गठन गरी तिनीहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहजीकरण गर्ने तथा सक्षम नेतृत्व विकास गर्ने।<br>● अपाङ्गता भएका व्यक्तिहरूका समूह, समिति तथा सञ्जालहरूलाई अपाङ्गतासम्बन्धी मुद्दाहरू पहिचान, प्राथमिकताका आधारमा वर्गीकरण, कार्ययोजना निर्माण तथा कार्यान्वयनमा सहजीकरण गर्ने।<br>● अपाङ्गता समावेशीकरण, अधिकारमा आधारित दृष्टिकोण, पुनःस्थापना तथा समावेशी विकाससम्बन्धी तालिम, कार्यशाला, अभिमुखीकरण, कोचिङ तथा परामर्शमार्फत समूह, समिति तथा सञ्जालहरूको क्षमता अभिवृद्धि गर्ने।<br>● समुदायमा सचेतनामूलक कार्यक्रम, अन्तरक्रिया, अभियान तथा अभिमुखीकरण सञ्चालन गरी अपाङ्गता समावेशीकरण, समान अवसर, पहुँचयोग्यता तथा पुनःस्थापनासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।<br>● अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता मूल्याङ्कन (Need Assessment) गरी वास्तविक आवश्यकता पहिचान गर्ने, व्यक्तिगत कार्ययोजना (Individual Action Plan) तयार गर्ने तथा स्थानीय स्रोत–साधनको पहिचान र परिचालनमा सहजीकरण गर्ने।<br>● सहायक सामग्री (Assistive Devices), स्वास्थ्य सेवा, पुनःस्थापना सेवा, शिक्षा, जीविकोपार्जन तथा अन्य आवश्यक सहयोगका लागि स्थानीय सरकार, सेवा प्रदायक संस्था तथा सम्बन्धित निकायसँग समन्वय, सिफारिस तथा रेफरल (Referral) सेवा प्रदान गर्ने।<br>● समूह, समिति तथा सञ्जालका सदस्यहरूलाई चिकित्सकीय पुनःस्थापना, फिजियोथेरापी, सीपमूलक तथा व्यावसायिक तालिम, अपाङ्गता परिचयपत्र, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनका अवसरहरूमा पहुँच सुनिश्चित गर्न आवश्यक सहजीकरण गर्ने।<br>● वडा स्तरीय अपाङ्गता समन्वय समिति तथा पालिका स्तरीय अपाङ्गता सञ्जालको संस्थागत क्षमता अभिवृद्धि, दिगोपन सुनिश्चितता, स्थानीय सरकारमा औपचारिक दर्ता तथा रणनीतिक योजना निर्माणमा सहजीकरण गर्ने।<br>● अपाङ्गतासम्बन्धी तथ्याङ्क संकलन, अद्यावधिक, अभिलेखीकरण, अनुगमन तथा दस्तावेजीकरणमा समूह, समिति तथा सञ्जालहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने।<br>● समुदाय तथा विद्यालयमा रहेका अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा, सिकाइ उपलब्धि, दैनिक जीवनोपयोगी सीप तथा पुनःस्थापनासम्बन्धी अवस्थाको नियमित अनुगमन गरी आवश्यक सूचना तथा तथ्याङ्क संकलन गर्ने।<br>● परियोजनाअन्तर्गत सञ्चालन गरिएका गतिविधिहरूको गुणस्तरीय अभिलेख राख्ने तथा तालिम, अभिमुखीकरण, बैठक, अन्तरक्रिया, भ्रमण लगायतका कार्यक्रमहरूको तथ्याङ्क व्यवस्थित रूपमा अद्यावधिक गर्ने।<br>● मासिक, त्रैमासिक तथा आवश्यकतानुसार अन्य प्रगति प्रतिवेदन तयार गरी समयमै परियोजना संयोजकलाई पेश गर्ने। | | पुनःस्थापना (CBR), अपाङ्गता अधिकार तथा समावेशी विकाससम्बन्धी ज्ञान र सीप भएको।<br>● समूह गठन, समूह सशक्तीकरण, सहजीकरण, समन्वय, प्रशिक्षण तथा प्रभावकारी प्रस्तुतीकरण गर्ने सीप भएको।<br>● योजना निर्माण, समस्या विश्लेषण, अभिलेखीकरण तथा तथ्याङ्क व्यवस्थापन गर्ने क्षमता भएको।<br>● नेपाली भाषामा प्रभावकारी प्रतिवेदन लेख्न सक्ने तथा आवश्यकताअनुसार कम्प्युटरमा प्रतिवेदन तयार गर्न सक्ने।<br>● एम.एस. अफिस (MS Word, Excel, PowerPoint) लगायतका आधारभूत कम्प्युटर अनुप्रयोग प्रयोग गर्न सक्ने क्षमता भएको। | ● स्थानीय समुदाय, विद्यालय तथा सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने क्षमता भएको हुनुपर्ने। |

| कार्य जिम्मेवारी | निर्णयाधिकार तथा जिम्मेवारी | आवश्यक धारणा, ज्ञान तथा सीप | आधारभूत आवश्यकताहरू |
|---|---|---|---|
| ● परियोजनाबाट प्राप्त उपलब्धि, सिकाइ, असल अभ्यास तथा परिवर्तनका उदाहरणहरू (Success Stories/Case Studies) तयार गरी दस्तावेजीकरण गर्ने।<br>● परियोजनाको अनुगमन, मूल्याङ्कन, समीक्षा तथा प्रतिवेदन तयारीका लागि आवश्यक सूचना, तथ्याङ्क र प्रमाणहरू संकलन तथा व्यवस्थापन गर्ने।<br>● परियोजनाको उद्देश्यअनुरूप अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, सामाजिक समावेशीकरण, गुणस्तरीय शिक्षा, पुनःस्थापना तथा जीविकोपार्जनमा पहुँच अभिवृद्धि गर्ने स्थानीय सरकार, विद्यालय, समुदाय तथा अन्य सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने।<br><u>अन्य व्यवस्थापन तथा समन्वय अन्तर्गत</u><br>● स्थानीय सरकार, वडा कार्यालय, विद्यालय, समुदाय तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय र सहकार्य गरी परियोजनाका कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्ने।<br>● संस्थाबाट सञ्चालित अन्य परियोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा आवश्यकताअनुसार समन्वय तथा सहयोग गर्ने।<br>● परियोजनासँग सम्बन्धित उत्कृष्ट अभ्यास (Best Practices), सिकाइ (Lessons Learned), सफलता कथा (Success Stories) तथा घटना अध्ययन (Case Studies) संकलन, दस्तावेजीकरण तथा प्रकाशनका लागि सहयोग गर्ने।<br>● परियोजनासम्बन्धी मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति प्रतिवेदन समयमै गुणस्तरीय रूपमा तयार गरी पेश गर्ने।<br>● परियोजनाको कार्ययोजना, लक्ष्य तथा समयतालिकाअनुसार निर्धारित गतिविधिहरूको विस्तृत कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तथा तोकिएको समयभित्र सम्पन्न गर्ने।<br>● परियोजनाका गतिविधिहरू सञ्चालन गर्दा संस्थाको नीति, नियम, आचारसंहिता, बाल संरक्षण नीति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI), सुरक्षा तथा अन्य लागू नीतिहरूको पूर्ण पालना गर्ने।<br>● परियोजनासम्बन्धी आवश्यक तथ्याङ्क, अभिलेख, प्रमाण तथा कागजातहरू व्यवस्थित रूपमा राख्ने तथा अनुगमन, मूल्याङ्कन र लेखापरीक्षणका लागि आवश्यक सहयोग गर्ने।<br>● संस्थाद्वारा सञ्चालित संस्थागत विकास, क्षमता अभिवृद्धि तथा अन्य आन्तरिक कार्यक्रमहरूमा आवश्यकताअनुसार सक्रिय सहभागिता जनाउने।<br>● कार्यक्रम संयोजकको प्रत्यक्ष मातहतमा रही परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय, सञ्चार तथा व्यवस्थापन सम्बन्धी जिम्मेवारी निर्वाह गर्ने।<br>● संस्थाको आवश्यकता तथा व्यवस्थापनको निर्देशनअनुसार परियोजनाबाहेक संस्थाका अन्य कार्यक्रम तथा कार्यहरूमा समेत आवश्यक सहयोग तथा जिम्मेवारी निर्वाह गर्ने।<br>● परियोजनाको उद्देश्य, अपेक्षित नतिजा तथा संस्थाको समग्र लक्ष्य हासिल गर्न जिम्मेवारीपूर्ण, पारदर्शी र उत्तरदायी रूपमा कार्य गर्ने। | | | |